मोलुङ गाउँपालिका र अन्तर्गतका वडाहरुमा संचालन गरिने तालिम, गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रमको लागि निर्धारण गरिएको खर्चको मापदण्ड, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१२।०१

मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुंगा

प्रस्तावनाः

स्थानीय स्तरमा गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट संन्चालन गरिने सबै किसिमका तालिम, गोष्ठी अन्तरक्रिया लगायतका कार्यक्रमहरुलाई व्यवस्थित र मितव्ययी बनाउन गाउँ कार्यपालिकाको मिति २०७९।१२।०१ मा बसेको वैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मोलुङ गाउँपालिका र अन्तर्गतका वडाहरुमा सन्चालन गरिने तालिम, गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रमका लागि निर्धारण गरिएको खर्चको मापदण्ड २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम" भन्नाले गाउँ कार्यपालिका र अन्तर्गतका विषयगत शाखा तथा वडा कार्यालययहरुबाट सम्पादन गरिने तालिम, गोष्ठी, अन्तरक्रिया लगायतका जनचेतनामुलक कार्यक्रम सम्झनु पर्छ र सो शब्दले सीपमुलक तालिम कार्यक्रम समेतलाई जनाउने छ ।

(ख) "गाउँ सभा" भन्नाले मोलुङ गाउँपालिका गाउँ सभा सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मोलुङ गाउँपालिलका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद-१
## कार्यक्रम सञ्चालन खर्च सम्बन्धि व्यवस्था

३. **कार्यक्रम सञ्चालन खर्चः** (१) मोलुङ गाउँपालिकामा गाउँ कार्यापालिका र अन्तर्गतका विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सञ्चालन गरिने तालिम, अन्तरक्रिया, गोष्ठी लगायतका जनचेतनामुलक कार्यक्रम संन्चालन गर्दा श्रोतव्यक्ति, सहजकर्ता, सहायक सहजकर्ता, कार्यक्रम व्यवस्थापक, उद्घोषक, सहयोगी तथा सहभागीलाई उपलब्ध गराईने पारिश्रमीक तथा सहभागी भत्ता, खाना, खाजा खर्च, यातायात खर्च अनुसूचि १ बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(२) मोलुङ गाउँपालिकामा गाउँ कार्यपालिका र अन्तर्गतका विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सञचालन गरिने सिपमुलक तालिम कार्यक्रममा श्रोतव्यक्ति, सहजकर्ता, सहायक सकजहर्ता, कार्यक्रम व्यवस्थापक, उदघोषक, सहयोगी तथा सहभागीलाई उपलब्ध गराईने पारिश्रमीक तथा सहभागी भत्ता, खाना, खाजा खर्च, यातायात खर्च अनुसूचि १ बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(३) गाउँ सभा र गाउँ कार्यपालिकाको वैठक तथा विषयगत समितिहरुको वैठकमा खाना,खाजा तथा यातायात खर्च उपलब्ध गराउँदा अनुसूचि १ बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

४. **यसै कार्यविधि बमोजिम भएको मानिनेः** मोलुङ गाउँपालिकामा यस अघि भएका यस्तै प्रकृति तालिम, गोष्ठी, अन्तरक्रिया तथा सिपमुलक कार्यक्रममा भएको खर्च यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

५. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ फुकाउन परेमा प्रचलित कानुन बमोजिम गाउँ कार्यापालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउने छ ।

अनुसूची १

दफा ३ सँग सम्बन्धि

खर्च सम्बन्धि व्यवस्था

मोलुङ गाउँपालिका र वडामा संचालन हुने तालिम, गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रमको लागि निर्धारण गरिएको खर्चको मापदण्ड, २०७९

| क.स. | शीर्षक | केन्द्र तथा प्रदेश सरकार वा जिल्लाबाट उपलब्ध हुने श्रोतव्यक्ति | | | स्थानीय स्तरबाट उपलब्ध हुने श्रोतव्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गाउँपालिकामा संचालित | वडामा संचालित | टोलस्तरमा संचालित | | |
| क | कार्यक्रम संचालन सम्बन्धि | | | | | |
| १ | संयोजक भत्ता | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| २ | श्रोत व्यक्ति पारिश्रमिकः | | | | | |
| | आन्तरिक श्रोतव्यक्ति | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| | वाहय श्रोतव्यक्ति | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१२०० | |
| ३ | कार्यपत्र (हेन्डस आउट) | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| ४ | सहजकर्ता पारिश्रमिक | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| ५ | सहायक सहजकर्ता पारिश्रमिक | रु.८०० | रु.८०० | रु.८०० | रु.८०० | |
| ६ | कार्यक्रम व्वस्थापक पारिश्रमिक | रु.८०० | रु.८०० | रु.८०० | रु.८०० | |
| ७ | कार्यक्रम उदघोषक | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१५०० | |
| ८ | सहयोगी कर्मचारी पारिश्रमिक (२ जना) | रु.५०० | रु.५०० | रु.५०० | रु.५०० | |
| ९ | प्रशिक्षण सामाग्री | | | | | |
| | एक दिने कार्यक्रमको लागि | रु.२००० | रु.२००० | रु.२००० | रु.२००० | |
| | तीन दिने कार्यक्रमको लागि | रु.५००० | रु.५००० | रु.५००० | रु.५००० | |
| | सात दिन सम्मको कार्यक्रमको लागि | रु.७००० | रु.७००० | रु.७००० | रु.७००० | |
| | तीस दिन सम्मको कार्यक्रमको लागि | रु.१०,००० | रु.१०,००० | रु.१०,००० | रु.१०,००० | |
| १० | सहभागी भत्ता | रु.८०० | रु.८०० | रु.८०० | रु.८०० | |
| ११ | खाना | रु.३०० | रु.३०० | रु.३०० | रु.३०० | |
| १२ | खाजा | रु.२०० | रु.२०० | रु.२०० | रु.२०० | |
| १३ | आवास खर्च | बजार दर अनुसार | | | | |
| १४ | मसलन्द प्रति सहभागी | रु.१०० | रु.१०० | रु.१०० | रु.१०० | |
| १५ | सहभागी यातायात खर्च | रु.५०० | रु.५०० | रु.५०० | रु.५०० | (दुरी अनुसार) |
| १६ | विविध (व्यानार, प्रमाणपत्र, पानी सरसफाई) | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| १७ | तालिम सुविधा (तालिम कक्ष, उपकरण) | प्रचलित दर रेट अनुसार | | | | |
| १८ | प्रतिवेदन खर्च ( प्रति कार्यक्रम) | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० | |
| १९ | सहभागी वस्तुगत टेवा | आवश्यकता अनुसार | | | | |
| २० | तालिम सामाग्री, कच्चा पदार्थ, नमुना, ईन्धन, पोकाबन्दीका सामान खरिद गर्नुपर्ने सानातिना जार आदि । | | प्रचलित बजार दर अनुसार | | | |